जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २१८ २०७९ साल चैत १७ गते शुक्रबार (31 Mar. 2023 Friday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : एसइई परीक्षाको तयारी पूरा. ३ पृष्ठमा : रासायनिक मल कारखाना ... ३ पृष्ठमा :फिलिपिन्स पानीजहाज आगलागी: ...

## छोराछोरीलाई डाक्टर, ईन्जिनियर मात्र बनाउन खोज्ने प्रबृतीले समाजको बिकास हुन सक्दैन : डा. राउत



**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

प्रतिनिधिसभा सदस्य डा. चन्द्रकान्त राउत (सी.के.) ले आज भोली सबैले आफ्ना छोराछोरीलाई डाक्टर, ईन्जिनियर मात्र बनाउन खोज्ने प्रबृतीले समाजको बिकास हुन नसक्ने बताएका छन् ।

रामनवमीको अवसरमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित राजधोव समुदायको लखाय बाबा मन्दिरको बिहीबार उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्दिरको उद्घाटनका क्रममा सम्बोधन गर्दै डा. राउतले जोखिम नलिएसम्म कोई पनि अगाडि बढ्न नसक्ने बताउँदै उनले भने, “समाजको बिकास तब मात्र सम्भव हुनसक्छ जब, आ-आफ्नो परिवारमा जो बच्चा जे बन्न चाहन्छ, जे पढन चाहन्छ अभिभावकले पनि त्यसमै हौसला बढाउनु पर्छ ।”

ईतिहासको महत्व छ, तर ईतिहास मात्र सबै होईन, उनले भने, “ईतिहास, बिगत देखाएर मात्र हुदैन, आजको समयमा हामी कति गर्न सक्छौ त्यो महत्वपुर्ण हुन जान्छ ।”

उक्त अवसरमा प्रदेश सभा सदस्य सतिश कुमार सिंह, हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख बिरेन्द्र माझी, राजधोग महासंघ नेपाल भारत केन्द्रीय अध्यक्ष बिखो माझी, जातिय मैनजन रघुराज मण्डल, मन्दिर निर्माण समिति अध्यक्ष कपलेश्वर माझी, भारदहका थानपति सहादेव मरर, नेपाल पत्रकार महासँघ सप्तरी पुर्व अध्यक्ष जितेन्द्र खडगा लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

लखाय बाबा मन्दिर उद्घाटन कार्यक्रममा नेपाल र भारतवाट राजधोव स्वजातिय संगठनहरूका मैनजन, थानपति तथा सर्वसाधरणको उल्लेख्य सहभागिता रहेको आयोजक समितिका राजकुमार गाईमले जानकारी दिए ।

यसअघि बिहीबार बिहान स्वजातिय महिलाहरुले कोसी ब्यारेजबाट कलश भरेर मन्दिरसम्मको पदयात्रा गरेका थिए ।

राजधोव समुदायको जातिय देवता लखाय बाबा मन्दिरमा मुर्ती स्थापना सँगै बिधिवत पुजापाठ गर्दै डा. राउतले रिवन काटेर मन्दिरको शुभारम्भ गरेका हुन् । बर्षौको प्रतिक्षापछि भारदहस्थित कंकालनी मन्दिर छेउमा लखाय बाबाको मन्दिर राजधोव समुदायका ब्यक्तिहरुको आर्थिक सहयोगमा निर्माण गरेर मुर्ती स्थापना गरिएको छ ।

## “जय श्री राम” को नाराले बजार गुन्जियो





**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

रामनवमीको अवसरमा राजविराज बजार क्षेत्र बिहीबार बिहानैदेखी “जय श्री राम” को नाराले गुन्जयमान भएको छ ।

राममन्दिरबाट हजारौंको संख्यामा निस्केको शोभायात्रामा सहभागि भक्तजनहरुले नगर परिक्रमका क्रममा लगाएको “जय श्री राम” को नाराले नगर गुन्जयमान बनाएको हो ।

हिन्दु नरसिंह सेना नेपाल सप्तरीको अगुवाईमा निकालिएका शोभायात्रामा हजारौं महिला/पुरुष सहभागि भए । शोभायात्रामा भक्तजनहरु नाचगान गर्दै सहभागि भएका थिए ।

शोभायात्रामा यसै क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सिके राउत पनि सहभागि भई भक्तजनको उत्साह बढाएका थिए । सो अवसरमा उनले हिन्दुधर्म प्रति आफ्नो विशेष आस्था र लगाव रहे पनि सबै धर्म, जातजातीप्रति उत्तिकै सम्मान रहेको बताए ।

यस अवसरमा राजविराज ६ स्थित राम मन्दिरका साथै अन्य स्थानमा रहेका राम मन्दिरहरुमा पनि बिहानैंदेखी दर्शनार्थीहरुको घुइचो लागेको थियो । भीड व्यवस्थापन गर्न तथा पूजापाठको सहज व्यवस्थापनका लागि मन्दिर समितिले स्वयंसेवक तथा जिल्ला प्रहरी कार्यालयले प्रहरी परिचालन गरि आवश्यक सुरक्षा प्रबन्ध मिलाएको थियो ।

यस अवसरमा विश्व हिन्दु परिषद्, हनुमान आराधना मंडललगायत हिन्दुवादी संघ संगठन समेतले जिल्लाको विभिन्न स्थानमा शोभायात्रा निकालेका थिए ।

## बढदै आत्महत्याका घट्ना, झुण्डिएको अवस्थामा पुरुष र किशोरी मृत फेला, महिलाद्वारा विषादी सेवन

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

सप्तरीमा आत्महत्याका घटना निकै बढ्दै गइरहेको छ । दुई दिनमा एक पुरुष र एक किशोरी झुण्डिएर मृत अवस्थामा फेला परेका छन् भने एक महिलाले किरा मार्ने विषादी सेवन गरेकी छिन् ।

चालु आर्थिक वर्ष २०७९/८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८१ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

पछिल्लो पटक जिल्लाको कंचनरुप नगरपालिका ९ रुपनगर सरदार टोलका एक पुरुष पासो लगाई झुण्डिएर मृत अवस्थामा बिहीबार फेला परेका छन् ।

घरदेखी ७ सय मिटर दक्षिण रहेको सिताराम कबराको आँप बगैंचामा ५५ वर्षिय राजकुमार सरदार आँपको रुखको हाङ्गामा गलबन्दिको पासो लगाई झुण्डीएर मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । बिहान स्थानियले झुण्डीरहेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटना बारे इलाका प्रहरी कार्यालय कंचनपुरले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यसअघि जिल्लाको विष्णुपुर गाउँपालिका ३ मुसहरनिया टोल निवासी स्थानिय राम कुमार मण्डलकी १८ वर्षिया छोरी पुजा कुमारी मण्डल झुण्डिएर मृत अवस्थामा फेला परेकी छिन् । उनी घरमा कोई नभएको अवस्थामा सुत्ने कोठाको बाँसको बलोमा कपडाको डोरीले पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानले आत्महत्या नै देखाएपनि घरमा कोही नभएको बेला आत्महत्या गरेको देखिएको तथा कारण खुल्न नसकेको प्रहरीको भनाई छ । केही समय यता जिल्लामा आत्महत्याका घट्ना अत्यधिक बढेको पाइएको छ । जिल्लामा २०७८/७९ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय ३६ जनाले ज्यान गुमाएका थिए ।

यता बिहीबार दिउँसो जिल्लाको डाकनेश्वरी नगरपालिका ६ बिसनपुर निवासी मो. राजाउलकी श्रीमती २२ वर्षिया ननकी खातुनले किरा मार्ने बिषादी सेवन गरेकी छिन् । विषादी सेवन पश्चात् उनी बिरामी भएपछि स्थानिय उमाकान्त कल्पना मेमोरियल अस्पताल पातोमा उपचारार्थ छिन् ।

## आगो लगाएर फरार रहेका यादव दम्पत्ति पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ९ बैरबोनाका रमानन्द यादवको घरमा आगो लगाएर फरार रहेका यादव दम्पत्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बैरबोना निवासी ३५ वर्षिय बिरेन्द्र यादव र उनकी श्रीमती २९ वर्षिया रन्जु कुमारी यादव रहेका छन् । उनीहरुलाई प्रहरीले सिरहाको लहानस्थित अस्पताल चोकबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

घटनाक्रम अनुसार चैत ११ गते बिहान ३ बजे स्थानिय रमानन्द यादवको खरले छाएको फुसको घरमा यादव दम्पत्ति र वडा नं. १० सिस्वा बस्ने ४५ वर्षिय रामबिलास यादवले आगो लगाएका थिए । उनीहरुले आगो लगाउँदै गरेको अवस्था स्थानियले देखेपछि फरार भएका थिए । सो आगलागिमा नगद १५ हजारका साथै घर र अन्नपातगरि ९९ हजार २ सय मुल्य बराबरको क्षति भएको थियो ।

तीनै जना बिरुद्ध अपराधिक उपद्रव ( आगोलागि) मुद्दा दर्ता भएपछि फरार रहेका उनीहरु मध्ये यादव दम्पत्तिलाई बिहीबार प्रहरी चौकी धाँती र ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरी टोलिले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## दुई मोटरसाइकल ठोकिदा पाँच जना तथा अन्य मोटरसाइकल दुर्घटनामा गरि ८ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

सप्तरीमा छुट्टाछुट्टै स्थानमा दुई मोटरसाइकल एक आपसमा ठोकिदा पाँच जना तथा अन्य मोटरसाइकल दुर्घटनामा गरि ८ जना घाइते भएका छन् ।

पछिल्लो पछिल्लो पटक बिहीबार बिहान १०:३० बजे हनुमाननगर कंकालनि नगरपालिका ८ जोगिनियास्थित भारदह हनुमाननगर सडक खण्डमा हनुमाननगरबाट भारदहतर्फ जादै गेको स.१०प. २९३५ नं. को मोटरसाइकल र बिपरित दिशाबाट आउदै गरेको मधेश प्र.०६-००१प.७२२३ नं.को मोटरसाइकल एक आपसमा ठोकिएको छ ।

दुबै मोटरसाइकल ठक्कर खाँदा स.१०प.२९३५ नं.को मोटरसाइकल चालक छिन्नमस्ता गाउँपालिका ललापट्टी निवासी ३५ वर्षिय निरज मण्डल र मधेश प्रदेश ०६-००१ प.७२२३ नं.को मोटरसाइकल चालक कंचनरूप १ निवासी १८ वर्षिय श्रवण नायकको टाउको र शरिरको बिभिन्न भागमा चोट लागेको उपचारका लागि न्युरो अस्पताल बिराटनगर पठाईएको प्रहरीले जनाएको छ ।

यस्तै सोही दुर्घटनामा मधेश प्रदेश ०६-००१ प.७२२३ नं.को मोटरसाइकल पछाडी सवार १५ वर्षिय सविन महतोको दाहिने हात र खुट्टामा चोट लागेकोले भारदह अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै जिल्लाको राजगढ गाउँपालिकामा बुधबार भएको मोटरसाइकल दुर्घटना एक महिलासहित पाँच जना घाइते भएका छन् ।

राजगढ वडा नं. ५ मलेखपुरस्थित हुलाकी सडक खण्डमा पुर्बबाट पशिचमतर्फ जादै गरेको स.८प. ८२४६ न. को मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा तीन जना घाइते भएका छन् ।

ठक्करबाट पैदलयात्री भारतको वेस्ट बंगाल निवासी २० वर्षिय रिजाबुल मियाँ घाइते भएका छन् । सोही दुर्घटनामा मोटरसाइकल चालक वडा नं. ४ बस्ने ३४ वर्षिय भुपेन्द्र यादव र उनकी २६ वर्षिया श्रीमती मीना देवी यादवसमेत घाइते भएको प्रहरीले जनाएको छ । तिनै जनाको

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय

### कुनै पनि बहानामा विकासीय कार्य रोक्नु अनुपयुक्त

विकासको मामिलामा सप्तरी अझै पछाडी परेको जिल्ला हो । केही वर्षयता जिल्लामा विभिन्न विकासीय कार्यहरुले तिब्रता पाएको छ । सप्तरीमा भने दशकौंदेखी नभएका विकासीय कामहरु धमाधम उद्घाटन र कार्यले तिब्रता पाइरहेको छ । यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु । नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले धमाधम निर्माण हुनुका साथै कालोपत्रे समेत भइरहेको छ ।

यस्तै प्रदेश तथा संघीय सरकारको बजेटबाट पनि सडकहरु निर्माण हुने कार्यले तिब्रता पाएको छ । विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो । जिल्लावासी यस कार्यले खुशी देखिन्छन् । हुन पनि हो विकासी कार्यमा कसैले वाधा उत्पन्न गर्नुहुँदैन् । यो कार्य भनेको व्यक्ति होइन् सबैको लागि हो । जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ ।

कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन् । विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किननहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ । तसर्थ विकास भनेको सबैलाई चाहिन्छ । यस्ता कार्यलाई कुनै पनि बहानामा रोक्नु हुँदैन् । सबैले सकारात्मक सोचका साथ लिनुपर्दछ र कसैले कुनै वाधा अवरोध उत्पन्न गर्नुहुँदैन् ।

# एसइई परीक्षाको तयारी पूरा, करिब पाँच लाख सहभागी हुँदै

भक्तपुर, १६ चैत (रासस) ।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ । शुक्रबार बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो ।

"परीक्षाको सबै तयारी पूरा भइसकेको छ, ७७ वटै जिल्लाका सबै जिम्मेवार निकायसँग अनलाइनमार्फत् बैठक सम्पन्न भएको छ", उहाँले भन्नुभयो, "परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गराउन सबैमा आह्वान गर्दछौ ।"

उहाँले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ती, सुरक्षा व्यबस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तर पुस्तिका पुरयाउनेलगायतका सबै काम सकिएको जानकारी दिनुभयो ।

एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, सातै प्रदेशका शिक्षा बिकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा बिकास तथा समन्वय इकाईका प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्य सचिव, परीक्षा नियन्त्रण, उपनियन्त्रक कर्मचारीलगायतको भर्चुअल बैठक सम्पन्न भएको बताउनुभयो ।

उहाँले प्रत्येक प्रदेशमा प्रदेश सचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेश भित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने बताउनु भयो ।

त्यस्तै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सदस्य सचिव, जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलगायत रहने गरी गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष नियुक्ती, सरोकारवालालाई प्रशिक्षण गर्ने, प्रश्नपत्र प्रहरी निकायसम्म पुऱ्याउने, उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने कामसमेत पूरा भएको उहाँको भनाइ छ ।

**करिब पाँच लाख परीक्षार्थी**

एसइई परीक्षाका सहभागिता जनाउनका लागि यसवर्षका लागि परीक्षामा सहभागि हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कूल चार लाख ८४ हजार २२७ जनाले फारम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा नौबाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेको जानकारी दिनुभयो ।

परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशमा एक लाख छ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी हुँदैछन् । प्राविधिक धारतर्फ करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ विद्यार्थी र ५० जना दृष्टिविहीन परीक्षामा सहभागी हुँदैछन् ।

यस वर्ष सात हजार दुई सय सामुदायिक र चार हजार पाँच सय ६४ संस्थागत गरी ११ हजार आठ सय २९ विद्यालय एसइईमा सहभागी हुँदैछन् । परीक्षाका लागि देशका ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कूल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै वागमती प्रदेशमा सबैभन्दा बढी ४३४ परीक्षा केन्द्र र कर्णाली प्रदेशमा सबैभन्दा कम १७९ परीक्षा केन्द्र कायम गरिएको छ । कोशी प्रदेशमा ३७८, मधेस प्रदेशमा २७९, गण्डकी प्रदेशमा २२३, लुम्बिनी प्रदेशमा ३३४ र सुदूरपश्चिम प्रदेशमा २०९ परीक्षा केन्द्र निर्धारण गरिएको छ । एसइईमा अघिल्लो वर्ष देशभरबाट पाँच लाख १८ हजार १८५ विद्यार्थीले आवेदन दिएपनि परीक्षामा भने चार लाख ९५ हजार ६४८ जना परीक्षामा सहभागी भएका थिए ।

**तस्बिर लिन निषेध**

परीक्षा नियन्त्रक श्रेष्ठले विद्यार्थीलाई कुनै डरत्रास नलिई ढुक्क भएर परीक्षा दिन आग्रह गर्नु भएको छ । परीक्षा केन्द्रमा परीक्षामा लैजान नहुने कुनै पनि बस्तु लगेको पाइएमा र जबरजस्ती गर्न खोजेमा वा केन्द्रमा खटिएका कर्मचारीबाट कुने गलत गतिविधि भएका प्रचलित कानून अनुसार कारबाही हुने बताउनु भयो ।

परीक्षा केन्द्रमा अत्यन्तै सीमित, आवश्यक र तोकिएका व्यक्ति परीक्षा समितिको अनुमति लिएर मात्रै अनुगमन गर्न पाइने भएको छ । परीक्षा हलभित्र कुनै पनि तस्बिर लिन नपाइने भएको छ । यस पटक सञ्चारकर्मीलाई पनि परीक्षा केन्द्रका बाहिरको गतिविधिहरुको तस्बिर लिन पाइने तर परीक्षा सुरु भएपछि परीक्षा हलभित्र गएर तस्बिर लिन नपाइने व्यवस्था गरेको परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "अनुगमन तथा तस्बिर लिने नाममा परीक्षा हलभित्र मानिस पस्दा विद्यार्थीको मनोबल गिर्छ, परीक्षार्थीलाई अवरोध हुने गरी तस्बिर लिँदा, विद्यार्थी टोलाउने, को आयो भनेर हेर्दा लेखिरहेको उत्तर पनि बिग्रने सम्भवना र गुनासा आएकाले यसवर्ष परीक्षा हलभित्र तस्बिर दिन नपाइने व्यबस्था गरेका छौँ ।"

विद्यार्थीका लागि एक मिनेट, एक सकेण्डको पनि महत्व हुने भएकाले परीक्षा हलभित्र तोकिएको व्यक्ति र परीक्षा समिति तथा सम्बिन्धत निकायको व्यक्ति बाहेक पसेर अन्यलाई अनुगमन तथा तस्विर लिने नाममा जथाभावी परीक्षा हलमा नपठाइने भएको हो ।

**७८ हजार जनशक्ति**

एसइई परीक्षाका लागि देशभरका परीक्षा केन्द्रमा ७८ हजार जनशक्ति परिचालन हुने भएका छन् । प्रत्येक परीक्षा केन्द्रमा परीक्षा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक, सुरक्षाकर्मी, कर्मचारी, सहयोगी गरी करिब ७८ हजार जनशक्ति परिचालन हुने नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो ।

परीक्षाका लागि आवश्यक प्रश्नपत्र र उत्तर पुस्तिका जनक शिक्षा सामग्री केन्द्रमा छपाई सकेर जिल्ला जिल्लामा पुऱ्याइसकिएको छ । यसवर्षको परीक्षामा ५० लाख सेट प्रश्नपत्र छपाइ गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डले प्रदेशगत रूपमा फरक-फरक सेट प्रश्नपत्र छपाइ गरी सोहीअनुसार ढुवानी गरिएको हो । विद्यार्थीको अनुपातमा करिब १० प्रतिशत बढी प्रश्नपत्र छपाइ भएको जनक शिक्षाले जनाएको छ ।

**जापानमा पनि परीक्षा केन्द्र**

बोर्डले यसवर्ष जापानमा पनि एसइई परीक्षा केन्द्र कायम गरेको छ । नेपालबाट रोजगारीका सिलसिलामा जापान पुगेका नेपालीका १४ जना सन्तानले जापानबाटै परीक्षा दिने भएका हुन् । जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा अध्यापन हुने टोकियोको एक शैक्षिक संस्थाबाट जापानमा रहेका नेपाली एसइई परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको हो ।

त्यसका लागि बोर्डले जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको छ । जापानमा रहेका परीक्षार्थीका लागि बोर्डले आवश्यक उत्तरपुस्तिका जापान पठाइसकेको र प्रश्नपत्र भने परीक्षा सुरु हुनु केही समय अगाडि इमेलमार्फत पठाउने भएको छ ।

**परीक्षाको तालिका**

एसइई परीक्षा चैत १७ गतेबाट २९ गतेसम्म सञ्चालन हुनेछ । परीक्षा बिहान ८ बजे सुरु भएर ११ बजेसम्म हुनेछ । परीक्षाको पहिलो दिन चैत १७ गते शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने र सोही दिन वेदविद्याश्रम तर्फ अनिवार्य संस्कृत भाषा, साहित्य र अनिवार्य अंग्रेजीको परीक्षा हुने बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनु भयो ।

त्यसैगरी चैत १९ गते आइतबार अनिवार्य गणित, चैत २० गते सोमबार अनिवार्य नेपाली र गैर नेपाली विद्यार्थीका लागि अग्रेजीको परीक्षा हुनेछ । त्यसैगरी चैत २२ गते बुधबार अनिवार्य विज्ञान र वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत व्याकरण तथा अनुवादको परीक्षा हुने भएको छ । चैत २३ गते बिहिबार अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेण्ट एण्ड माकेर्टिङ, इञ्जिनियरिङ ड्रइङ, कम्प्युटर रिपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ ।

यसैगरी चैत २४ गते शुक्रबार अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रम तर्फ कर्मकाण्ड, फलित ज्योतिष, संस्कृततर्फ अनिवार्य संस्कृत भाषा, प्राविधिकधारतर्फ जलीयकृषि तथा मत्स्यपालन, इलेक्ट्रिकल म्यानेजमेण्ट एण्ड इन्स्टल्मेण्ट, कम्प्युटर नेटवर्किङ, इञ्जिनियरिङ सर्भेईङ्ग र म्यूजिक अफ नेपालको परीक्षा हुनेछ ।

यस्तै चैत २५ गते शनिबार साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरु, वेदविद्याश्रम तर्फ वेद तथा नीति शास्त्र र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ । चैत २६ गते आइतबार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयपत्रका विषयहरु, वेदविद्याश्रमतर्फ ऐच्छिक द्वितियपत्रका सबै विषयहरु, प्राविधिक धारतर्फ भेजिटेवल एण्ड मेडिसिनल प्लाण्ट प्रोडक्सन, डेरी एण्ड डेरी प्रडक्सन, युटिलाईजेसन अफ इलेक्ट्रिक इनर्जी, डाटावेस म्यानेजमेण्ट सिष्टम, बिल्डिङ्ग कन्स्ट्रक्सन, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ ।

चैत २७ गते सोमबार प्राविधिक धारतर्फ क्रप प्रोडक्सन, स्मल रुमेण्ट प्रोडक्सन एण्ड म्यानेजमेण्ट, इलोक्ट्रोनिक्स डिभाइस एण्ड सर्किट, वाटर

***बाँकी तीन पृष्ठमा***

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# रासायनिक मल कारखाना स्थापना गर्न माग

काठमाडौँ, १६ चैत (रासस)।

राष्ट्रियसभाको बिहीबारको बैठकमा मिटर ब्याजपीडितको समस्या समाधान गर्न र पीडकलाई अपराधी घोषणा गर्दै फौजदारी अभियोगमा कारबाही गर्न माग गरिएको छ।

राष्ट्रियसभाको बैठकमा विशेष समय लिएर सांसद मायाप्रसाद शर्माले मिटरब्याजको विषय सामन्ती राज्यप्रणालीको अवशेषका रुपमा रहेकाले त्यसलाई कानुनी र व्यावहारिक दुवै तवरले हल गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मिटरब्याजीलाई कारबाही कहिले गर्ने भन्दै सरकारसँग प्रश्न गर्नुभयो।

सांसद शर्माले केशर पुस्तकालयमा रहेका पुराना र महत्वपूर्ण पुस्तक संरक्षणमा सम्बद्ध निकायले ध्यान नदिएको भन्दै तत्काल समस्या समाधान गर्न माग गर्नुभयो। सांसद कमला पन्तले सहकारी संस्थाको ज्यादतीका कारण मानिसले अकालमा ज्यान फाल्नुपरेको तथ्य प्रस्तुत गर्दै समस्या समाधानका लागि आग्रह गर्नुभयो।

उहाँले मिटरब्याजीका कारण गरिब, निमुखा नागरिकको घरखेत गएको र जीवनयापनसमेत गर्न नसक्ने अवस्थामा पुगेको तथ्य पेस गर्नुभयो। उहाँले किसानलाई उत्पादन बढाउनका लागि मुलुकभित्रै रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने माग दोहोऱ्याउनुभयो।

सांसद शारदादेवी भट्टले मिटरब्याजमा लिएको ऋणको ब्याज तिर्दातिर्दा कहिले नसकिने यो कस्तो अन्याय हो भन्ने प्रश्न गर्दै पीडितलाई राहत र पीडकलाई कारबाहीको माग गर्नुभयो। यो धनुषाको मात्रै समस्या नभई देशभरको समस्या भएको उल्लेख गर्दै उहाँले आफ्नो गुनासो र दुःख सुनाउन आएका पीडितलाई खुलामञ्चमासमेत बस्न नदिइएकामा आपत्ति जनाउनुभयो। सांसद प्रमिला कुमारीले कोशी प्रदेशको नामकरणका विषयलाई लिएर भएको प्रदर्शनमा ज्यान गुमाउने र घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।

# मिटरब्याजी पीडितको समस्या समाधान गर्न ध्यानाकर्षण

काठमाडौँ, १६ चैत (रासस)।

सांसदहरुले मिटरब्याजी पीडितको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद जगप्रसाद शर्माले मिटरब्याजी पीडितको समस्या समाधानका लागि सरकारले आवश्यक कानुन बनाउने कार्य स्वागत योग्य रहेको भन्दै पीडितहरुसँग तत्काल वार्ता गरी समाधान खोज्न आग्रह गर्नुभयो।

सरकारले मिटरब्याजलाई अपराध मान्दै कानुनी दायरामा ल्याउन मुलुकी अपराधसंहिता, २०७४ को आवश्यक संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिसकेको छ।

यस्तै सांसद तारामान स्वाँरले गत कत्तिक २२ देखि सुदूरपश्चिममा निरन्तर भूकम्प गइरहेको, कैयौँको ज्यान जानुका साथै घर चर्किएर, भत्किएर बस्न नसक्ने अवस्थामा रहेको भन्दै त्रसित अवस्थामा रहेका नागरिकको सुरक्षा र राहत उपलब्ध गराउन सरकारसमक्ष माग गर्नुभयो। उहाँले भूकम्पको उच्च जोखिममा रहेको क्षेत्रको पहिचान गरी वैकल्पिक बसोबासको व्यवस्था मिलाउन पनि आग्रह गर्नुभयो।

सांसद तुलसाकुमारी दाहालले भूकम्पबाट क्षति पुगेको नेपाल राष्ट्रिय पुस्तकालयको संरचना हाल पुरानो ठिमीमा व्यवस्थापन गरिएको र त्यहाँ रहेका बहुमूल्य पुस्तक धमिरा लागेको र कुहिएको पुस्तकको संरक्षण गर्न माग गर्नुभयो।

उहाँले पुस्तकालयका एक लाख ५० हजार बढी सामग्रीको संरक्षणमा सरकारले विशेष ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो।

# मंसापुर र तिलाठी बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गाउँपालिका स्तरीय टी-ट्वान्टी क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार सम्पन्नतलस दुई खेलमा वडा नं. ७ मन्सापुर र वडा नं. १ तिलाठी बिजयी भएका छन्।

पहिलो खेलमा वडा नं. ७ मन्सापुरले वडा नं. २ लौनियाँलाई ८ विकेटले तथा दोस्रो खेलमा वडा नं. १ तिलाठीले वडा नं. ५ को.बर्साइनलाई २१ रनले पराजित गरेको छ।

विहान सम्पन्न खेलमा टस जितेर ब्याटिङ गरेको लौनियाँ मन्सापुरका बलर सामु निरीह सावित हुँदै ८ ओभर ४ बलमा ४५ रनमा अलआउट भयो। लौनियाका लागि मिथिलेश कुमार मण्डलले १४ रन बनाउनु बाहेक कुनै पनि ब्याट्सम्यान दोहोरो अंकमा प्रवेश गर्न सकेनन्। मन्सापुरका लागि राजकुमार मण्डलले घातक बलिङ गर्दै ३ ओभर ४ बलमा ११ रन खर्चेर ६ विकेट लिए भने धिरज मण्डलले ३ तथा निरज कुमार मण्डलले १ विकेट हात पारे।

जितको लागि ४६ रनको लक्ष्य पछ्याउने क्रममा मन्सापुर टिम ५ ओभर १ बलमा दुई विकेट गुमाई जित हात पार्न सफल भयो। मन्सापुरका लागि धिरज मण्डलले १४ तथा चेतन यादवले ११ रन बनाए। लौनियाका लागि रमानन्द मुखियाले २ विकेट लिए।

उक्त खेलमा मन्सापुरका राजकुमार मण्डललाई गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले म्यान अफ द म्याचको पुरस्कार प्रदान गरे।

यस्तै दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको तिलाठीले २० ओभरमा ९ विकेट गुमाई ९१ रन बनाएको थियो। जसमा मिथुन यादवले सर्वाधिक ३१ रन बनाए भने लक्ष्मी रायले १० रनको योगदान गरे। को. बर्साइनका लागि राजा रायले ४ ओभरमा ८ रन दिएर ४ विकेट लिए भने दिपेश सरदारले २ तथा राहुल रजक र राजेश रजकले १/१ विकेट लिए।

जितको लागि ९२ रनको लक्ष्य पछ्याउने क्रममा वडा नं. ५ को.बर्साइन टिम १२ ओभर ४ बलमा ७० रनमा अलआउट भयो। को. बर्साइनका लागि सुभाष शर्माले सर्वाधिक २० रन बनाए भने राहुल रजकले ११ रन बनाए। अन्य खेलाडिहरु दोहोरो अंकमा प्रवेश गर्न सकेनन्। तिलाठीका लागि शिव कामैतले उत्कृष्ट बलिङ गर्दै ३ ओभर ४ बलमा १४ रन दिएर ५ विकेट लिंदै आफ्नो टिमलाई विजयी गराए। तिलाठीका लागि चन्दन झा र कारी झाले २/२ तथा सुनिल यादवले १ विकेट लिए। उक्त खेलमा तिलाठीका शिव कामैतलाई म्यान अफ द म्याच घोषित गरियो।

# पकरीस्थित माँ भगवतीकाली मन्दिरमा अष्ट्याम सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत।**

सप्तरीको महादेवा गाउँपालिका १ पकरीस्थित माँ भगवतीकाली मन्दिरमा बिहिवारदेखि अष्ट्याम संर्कितन शुरु भएको छ।

मानव कल्याण, सुख, शान्ति, समृद्धि लगायतको कामना गर्दै यस मन्दिरमा बि.स.२०७३ सालदेखि रामनवमी तथा चैते दशैंको अवसरमा २४ घन्टे अष्ट्याम संर्कितन हुदै आएको छ।

आयोजक रामलखन यादवका अनुसार मन्दिरमा विभिन्न किर्तन मण्डलीले साँझ ५ वजेदेखि माँ भगवती काली महाजपबाट अष्टयाम संर्कितन २४ घन्टे शुरु गरेको छ।

स्थानिय बेचन यादव दम्पतिले संयुक्त रुपमा निर्माण गरेका मन्दिरको तत्कालिन प्रमुख जिल्ला अधिकारी बलदेव गौतमले २०७३ साल असोज २४ गते एक समारोह विच उद्घाटन गरेका थिए। मन्दिरमा दैनिक भजन, किर्तन, पुजा पाठ, आरती लगायतको धार्मिक कार्यक्रम हदै आएको आयोजकले जनाएको छ।

# अनियन्त्रित भई पिकअप पल्टियो

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको अग्निसाईर कृष्णसवरण गाउँपालिका १ जण्डौल चौकमा बिहीबार कुखुरा बोकेको पिकअप पल्टिएको छ।

पश्चिमबाट पुर्वतर्फ आउदै गरेको प्र.२-०१-००१च.०४१५ नं. को कुखरा बोकेको पिकअप आफै अनियन्त्रित भई पल्टिएको प्रहरीले जनाएको छ।

सो दुर्घटनामा मानविय क्षति नभएपनि गाडीमा भने क्षती भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### *एसइई परीक्षाको ...*

रिसोर्सेस इञ्जिनियरिङ्ग र इन्स्ट्रयुमेण्ट किबोर्डको परीक्षा हुनेछ। चैत २८ गते मंगलबार प्राविधिक धारतर्फ इण्ड्रष्ट्रियल इन्टोमोलोगी एण्ड मसरुम, एनिमल हेल्थ, इलेक्ट्रिकल मेसिन, माइक्रो प्रोसेस, हाईवे इञ्जिनियरिङ, म्युजिक विजनेश एण्ड प्रोग्राम म्यानेजमेण्टको परीक्षा हुनेछ।

परीक्षाको अन्तिम दिन चैत २९ गते बुधबार प्राविधिकतर्फ नै फ्लोरिकल्चर एण्ड नर्सरी म्यानेजमेण्ट, भेटेरनरी ल्याब्रोटरी टेक्निक, इण्ड्रष्ट्रियल इन्स्टलेसन एण्ड मेन्टिनेन्स, अब्जेक्ट ओरेण्टेड प्रोग्रामिङ, इष्टिमेटिङ कस्टिङ एण्ड सुपरभिजन र ऐच्छिक विषयको गायन, संगीत, वाद्यवादन र नृत्यको परीक्षा हुने भएको छ।

### *दुई मोटरसाइकल ...*

स्थानिय मेडिकलमा उपचार भईरहेको छ।

यसैगरि सोही दिन राजगढकै वडा नं. ३ झौरहा चौकमा झौरहा चौकबाट आन्द्रा मण्ठतर्फ जादै गरेको स.४प.९२६१ नं. को मोटरसाइकल र बिपरित दिशाबाट आउदै गरेको एचआर०२एयू३९३६ भारतीय प्लेट नं. को मोटरसाइकल ठोकिदा दुबैको सवारीको चालक घाइते भएका छन्।

घाइते हुनेमा स.४प.९२६१ नं. को मोटरसाइकल चालक वडा नं. १ निवासी २० वर्षिय दिपक साह र एचआर०२एयू३९३६ भारतीय प्लेट नं. को मोटरसाइकल चालक वडा नं. ६ निवासी २५ वर्षिय धर्मदेव मुखिया रहेका छन्।

दुबै जनालाई छिन्नमस्ता अस्पताल राजविराजमा उपचार भइरहेको छ भने दुबै मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## विश्व समाचार

# फिलिपिन्स पानीजहाज आगलागीः एकतीस जनाको मृत्यु, सात बेपत्ता

मनिला, १६ चैत (रासस एएपी)।

दक्षिणी फिलिपिन्समा एउटा पानीजहाजमा आगलागी हुँदा ३१ जनाको मृत्यु भएको छ। उद्धारकर्मीहरूका अनुसार २३ जना घाइते भएका छन्भने सात जना अझै हराइरहेका छन्। बुधबार राति जहाजमा आगो लागेपछि चालक दलका ३५ जना सदस्य र एक सय ९० जना यात्रीलाई तट रक्षक र माझीहरूको सहयोगमा सकुशल उद्धार गरिएको सरकारी अधिकारीहरूले बिहीबार जनाएका छन्। पानी जहाजमा दुई सय ५० भन्दा बढी यात्री रहेका बताइएको छ। लेडी मेरी जोय-३ नामको पानीजहाज मिन्डानाओ टापुको जाम्बोआङ्गा शहरबाट सुलु प्रान्तको जोलो टापुतर्फ गइरहेका बेला आगो लागेको थियो। सात हजारभन्दा बढी टापुको द्वीपसमूह फिलिपिन्समा अव्यवस्थित समुद्री यातायात, नियमित अनुगमनको अभाव र भीडभाडका कारण बेलाबेलामा यस्ता दुर्घटना हुनेगरेका छन्। सन् १९८७ को डिसेम्बरमा डोना पाज नामको पानीजहाज इन्धन बोकेको अर्को जहाजसँग ठोक्किएर डुब्दा चार हजार तीन सयभन्दा बढीको मृत्यु भएको थियो। शान्तिकालमा समुद्री भवितव्यमा परेर विश्वमा त्यति धेरै मानिसको एकैपटक ज्यान गएको इतिहास छैन।

# केटाहरूसँग कुरा गर्न नपाएको झोकमा बाआमाको वीभत्स हत्या

मेरठ (उत्तर प्रदेश), १६ चैत (रासस/पिटिआई)।

उत्तर प्रदेशको बुलन्दशहर क्षेत्रमा आफ्नै १५ वर्षीया छोरीले आमाबाबुको हत्या गरेकी छन्। हत्या भएको १५ दिनपछि उनी पक्राउ परेकी हुन्। हत्या आरोपी कक्षा आठमा पढ्ने उनले केटाहरूको सङ्गत गर्न आमाबाबुले नदिएको झोकमा उनीहरूलाई मारेको प्रहरीसमक्ष स्वीकार गरेकी छन्। मृतक दम्पतिकी चार छोरीमध्ये जेठी उनले १५ दिन अघि आमाबाबुलाई मारेको स्वीकार गरेकी शिकारपुर प्रहरी कार्यालयले जनाएको छ। केटाहरूसँग कुराकानी गरेकामा आमाबाबुले गाली गर्दा रिसाएकी उनले दैनिक काम सकेर घर आएका आमाबाबुलाई चियामा निद्रा लाग्ने औषधि हालेर खुवाएकी थिइन्। औषधिको प्रभावले मस्त निदाएका आफ्ना बाआमाका शिरमा उनले निर्ममतापूर्वक पटक-पटक बञ्चरो प्रहार गरेकी थिइन्। अठचालिस वर्षीय मोहम्मद शब्बीर र ४४ वर्षीया रेहाना केही दिनदेखि नदेखिएका तथता उनीहरूको घरबाहिर रगतका टाटा देखेपछि छिमेकीले आपराधको आशङ्का प्रहरीलाई खबर गरेका थिए। अनुसन्धानका क्रममा प्रहरीले १६ जनालाई पक्राउ गरेको थियो तर अभियुक्तको मोबइल फोनमा भेटिएको 'अडियो' लाई लिएर कठोर रुपमा केरकार गरेपछि उनले अपराध स्वीकार गरिन्। हत्यामा प्रयोग गरिएको हतियार पनि प्रहरीले बरामद गरेको छ। अभियुक्तलाई बाल सुधार गृहमा पठाइएको छ। निद्राको औषधि बेच्ने २२ वर्षीय मोहम्मद अकिललाई पनि पक्राउ गरिएको छ।

# रामनवमी मनाउन मन्दिर गएका पच्चीस भक्त इनारमा खसे

इन्दोर, १६ चैत (रासस/पिटिआई)।

रामनवमी पर्व मनाउन पटेलनगरस्थित शिव मन्दिरमा भेला भएका भक्तजनमध्ये २५ जना मन्दिरको आगँनमा रहेको पुरानो इनारमा खसेका छन्। यो समाचार तयार पार्दासम्म पाँच जनालाई उद्धार गरिएको छ भने हालसम्म हताहतीको खबर आएको छैन। सिमेन्टको स्ल्याबले ढाकिएको इनारमाथि पूजाअर्चनाका निम्ति भक्तजन भेला भएका थिए। भीडको भार थाम्न नसक्दा स्ल्याब भत्कँदा उनीहरू इनारमा खसेका प्रहरीले जनाएको छ। इनारमा खसेकामध्ये केही त्यहाँ रहेको फलामको डण्डीमा झुन्डिएका तथा उनीहरूको उद्धार भइरहेको इन्दोरका सुरक्षा प्रमुख इलयाराजा टीले बताएका छन्। मन्दिर क्षेत्रको वातावरण बिग्रन नदिन तथा दुर्घटना हुन नदिन व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ। सम्भावित घाइतेहरूलाई शीघ्र अस्पताल पुऱ्याउन मन्दिर परिसरमा एम्बुलेन्सहरू तयारी हालतमा राखिएका छन्।

# चार हजार तीन सयभन्दा बढी अफगान शरणार्थी घर फर्किए

काबुल, १६ चैत (रासस/सिन्ह्वा)।

इरानबाट चार हजार तीन सय २७ जना अफगान शरणार्थी घर फर्किएका छन्। दुई साताअघि छिमेकी राष्ट्र पाकिस्तानबाट पनि तीन हजार अफगान शरणार्थी घर फर्किएका थिए। अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रालयले बिहीबार जारी विज्ञप्तिअनुसार बितेका छ महिनमा तीन लाख शरणार्थी इरानबाट स्वदेश फर्केका छन्। अफगानिस्तानमा शरणार्थी फिर्तीको प्रक्रिया जारी छ। इरान र पाकिस्तानमा दर्ता भएका २५ लाखभन्दा बढी अफगान शरणार्थीले आश्रय लिँदै आएका छन्। अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका आफ्ना नागरिकलाई स्वदेश फर्कन आह्वान गरिरहेको छ। देशको शासन सम्हालेपछि तालिवान सरकारले मातृभूमिको सेवामा आउन उनीहरूलाई आग्रह पनि गर्दै आएको छ।

# रक्तदान गरि मनाइयो पत्रकार महासंघको स्थापना दिवस




**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

नेपाल पत्रकार महासंघको ६८ औं स्थापना दिवसको अवसरमा शाखा सप्तरीले बिहीबार रक्तादान कार्यक्रमको आयोजना गरेको छ ।

उपचारका लागी आउने बिरामीहरुलाई रगतको अभाव समस्या बन्ने गरेका बेला पत्रकारहरुले आफ्नो संगठनको स्थापना दिवस रक्तदान कार्यक्रमको आयोजना गरी मनाएका हुन् ।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा रहेको रक्त संचार केन्द्रमा पत्रकार, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका २४ जनाले रक्तदान गरेका छन ।

रक्तदान गर्नेहरुमा नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष बैधनाथ यादव, रक्षा चौधरी, जितेन्द्र झा, रामनारायण यादव, कमल मण्डल, रमानन्द देव, दिपेश देव जोशी, संजिव दास रहेका छन ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका सई प्रराज चौलागाई, सागर मल्ल, अजय चौधरी, जितेन्द्र यादव, सुमन चौलागाई, कौशल पुन, नवराज श्रेष्ठ, रामशरण महतो र शिरोमनि साहले रक्तदान गरेका छन् ।

यसैगरि सशस्त्र प्रहरी बलका सई सजित श्रेष्ठ, केवल कार्की, हेमबहादुर सेढाई, कुमार शिवभक्ती, कृष्ण लामा, श्यामकुमार श्रेष्ठ र सुजन बैदवाले रक्तदान गरेको महासघका सचिव रामनारायण बिश्वासले जानकारी दिए ।

यसैबीच पुर्व मन्त्री शैलेन्द्र प्रसाद साह र शाखा सप्तरी कार्यवाहक अध्यक्ष बैधनाथ यादबले संयुक्त रूपमा केक काटेर स्थापना दिवस मनाइएको छ ।

उक्त अवसरमा नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष बैधनाथ झा, मुरली प्रसाद यादव, प्रेस मंचका महासचिव अवधेश झा, प्रेस युनियनका केन्द्रीय सदस्य मिथिलेश यादव, प्रेस मंच सप्तरीका अध्यक्ष भूषण सिंह, शाखा सप्तरी सचिव रामनारायण बिश्वास, कोषाध्यक्ष नवीनकुमार गुप्ता, समाजसेवी हितनारायण लाल दास, बरिष्ठ पत्रकार गणेशलाल देव, संचारकर्मी चन्दन यादव, बिन्दु यादव, प्रियासिंह थारू, कृष्णा मण्डल, परिष कर्ण, रक्त संचार केन्द्र नवीन झा, शैलेन्द्र सिंह लगायतका संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# तीन स्थानमा भएको आगलागिमा घर, गाईगोठ तथा परालको टालो जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

सप्तरीको बोदेबरसाइन र हनुमाननगर कंकालिनी नगरपालिकामा भएको आगलागिमा घर, गाइगोठ तथा परालको टालो जल्दा ५ लाख ८६ हजार मुल्य बराबरको क्षति भएको छ ।

जिल्लाको बोदेबरर्साइन नगरपालिका ३ मधुवन टोलमा बिहीबार अचानक आगलागि हुँदा ४ लाख ८६ हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

सो आगलागिमा वडा नं. ३ मधुवन टोल बस्ने कपिल देव यादवको दुई कोठे र खाद्यान्न तथा अन्य सामानहरु जलेर नष्ट हुँदा ३ लाख २१ हजार मुल्य बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

यस्तै आगलागिमा हरी यादवको गाई गोठ र घर जलेर नष्ट हुँदा १ लाख, स्थानिय पवन कुमार यादवको गाईगोठ, खाद्यान्न, परालको टालो जलेर नष्ट हुँदा ८५ हजार र नन्दकिशोर यादवको गाईगोठ, खाद्यान्न जलेर नष्ट हुँदा ८० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै बुधबार साँझ जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका १ सकरदही निवासी रामचन्द्र मण्डलको खेतमा राखेको परालको टालमा अचानक आगलागी हुँदा २० हजार तथा सोही नगरपालिका वडा नं. ४ बिराजि टोल निवासी राजेश्वर बिराजीको खेतमा राखेको परालको टालमा आगलागी हुँदा २५ हजार मुल्य बराबरको क्षति भएको छ ।

तीनै स्थानको आगलागि प्रहरी, स्थानियबासी तथा बारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीमा दिनहु जसो आगलागीका घटना हुन थाल्दा विषेश गरी ग्रामिण क्षेत्रका वासिन्दा त्रसित भएका छन् । गर्मी बढेसंगै जिल्लामा २ साता यता आगलागीका १३ घटना भइ १ करोड ५० लाख भन्दा बढीको सम्पती जलेर नष्ट भएको प्रहरी तथ्याङ्ले देखएको छ ।

# रामनवमीमा स्व. सिंहको सम्झना

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

नेपाल सद्भावना पार्टीका संस्थागत अध्यक्ष एवं मधेशी अधिकारका लागि संगिठत अभियानका नेतृत्व गरेका स्व. गजेन्द्र नारायण सिंहको राजनीतिक योगदानको सम्झना गर्दै उनको जन्म जयन्ति बिहीबार मनाइएको छ ।



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले सिंहको ९४ औं जन्म जयन्तिका अवसरमा राजविराजस्थित गजेन्द्र चौकमा उनको शालिकमा माल्यार्पण तथा विचार गोष्ठीको आयोजना गरेको छ ।

जिल्ला अध्यक्ष सुनिलकुमार झाको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, महिला नेतृ साधना झा, सीताराम मण्डल, उषा मण्डल लगायतले मधेशी अधिकारका लागि संगठित अभियान चलाएर सिंहले गरेको योगदान अविस्मरणिय रहेको उल्लेख गरे ।

यस्तै उनको सम्झनामा लोसपाले साँझ दिप प्रज्वलन कार्यक्रम समेत गरेको छ । स्थानिय गजेन्द्र चौकमा दिप प्रज्ववलन गरेर उनलाई सम्झे ।

यसअघि बिहीबारै जसपाका युवा नेता एवं हनुमाननगर कंकालिनी नगरपालिकाका निर्वतमान नगर प्रमुख शैलेश कुमार साहको अगुवाईमा नेता सिंहको शालिकमा माल्यार्पण, सरसफाई तथा मधेश आन्दोलनमा स्व. सिंहको योगदान विषयक विचार गोष्ठी कार्यक्रमको आयोजना गरिएको छ ।

हनुमाननगरको मुख्य बजार क्षेत्रमा स्थापना गरिएको शालिकमा माल्यार्पण पश्चात् आयोजित विचार गोष्ठीका सहभागिहरुले उनको राजनीतिक योगदानको सम्झना गरे ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका घर भएका सिंहको बि.स. १९८५ सालमा रामनवमीकै दिन जन्म भएको थियो । प्रत्येक वर्ष उनका अनुयायीहरुले रामनवमी कै दिन बिभिन्न कार्यक्रमको आयोजना गरि उनको जन्म जयन्ति मनाउँदै आएका छन् ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**
चट्याङबाट बच्न
**घरबाहिर हुनुहुन्छ भने,**
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np